हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षमविराटनगर'

विराटनगर महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

# शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. :२०७६/०७८

च.नं.: ३६

मिति :२०७७०५।२४

श्री सबै विद्यालयहरु,

विराटनगर महानगरपालिका, मोरङ ।

**विषय : बैदेशिक रोजगार छात्रवृत्तिका लागि निवेदन दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई मोरङको मिति २०७७/०४/२३ को च.नं ७३ को पत्रानुसार बैदेशिक रोजगार वोर्डको सचिवालयको मिति २०७७/०४/२३ को गोरखापत्रमा प्रकाशित बैदेशिक रोजगार छात्रवृत्ति ( शैक्षिक सत्र २०७७) का लागि निवेदन दिनेबारेको सूचना प्रवाह गरिदिनका लागि लेखी आएकाले यससाथ संलग्न ढाँचा तथा सूचना बमोजिम सो छात्रवृत्तिका लागि निवेदन दिनहुन सम्बन्धित सबैमा अनुरोध छ ।

.............................

कृष्ण भट्टराई

अधिकृत सातौं

बोधार्थ

श्री शिक्षा तथा समन्वय इकाई, मोरङ

श्री प्याव्सन, विराटनगर महानगरपालिका (सूचना प्रवाहका लागि)

श्री एन प्याव्सन विराटनगर महानगरपालिका (सूचना प्रवाहका लागि)

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

मोरङ,बिराटनगर

प.सं. :०७७।०७८
च. नं :63

मिति-२०७७।०४।२३

विषय -बैदेशिक रोजगार छात्रवृत्तिका लागि निवेदन दिने सूचना पठाइएको सम्बन्धमा

श्री जिल्लाका सबै  महानगरपालिका,नगरपालिका र गाउँपालिकाहरु
मोरङ

बैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०७७।०४।२३ को गोरखापत्रमा प्रकाशित बैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक  सत्र २०७७) का लागि निवेदन दिने बारेको सूचना तथा निवेदनको ढाँचा यसैसाथ संलग्न राखी पठाइएको छ । ताहाँ अन्तरगतका सबै विद्यालयहरुमा निवेदनको ढाँचा र सूचना प्रवाह गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

दीर्घध्वज चापागाईं
उपसचिव
इकाइ प्रमुख

नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

## मोरङ,बिराटनगर

प.सं. :०७७।०७८

च. नं .: 63

अनुसूची १

छात्रवृत्तिका लागि दिनुपर्ने निवेदनको ढाँचा

(कार्यविधिको दफा ८(क) सँग सम्बन्धित)

मिति २०७७ ।

श्री प्रधानाध्यापकज्यू

श्री ............................................................................ विद्यालय

मोरङ

महोदय,

उपरोक्त विषयमा मेरो( वुवा/आमा) नाताको फलानो वैदेशिक रोजगारीका सिलसिलामा मिति मा (फलानो ) देशमा मृत्यु /अङ्गभङ्ग/ अशक्त बिरामी भएकोले शैक्षिक वृत्तिका लागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने बैदेशिक रोजगार छात्रवृत्ती उपलब्ध गराई पाउँ ।

निवेदक
नाम,थर
ठेगाना
विद्यालय
कक्षा
रोल्नम्बर
सही
अभिभावकको सम्पर्क फोन नम्बर

संलग्न कागजातहरु

- कामदारको श्रमस्वीकृतिको निस्सा (स्टीकर) को प्रतिलिपी
- निवेदकको संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यू भएका कामदारको मृत्यूदर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपी र राहदानी नम्बर
- वैदेशिक रोजगारमा गई सोही क्रममा अंगभंग /अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको प्रमाणित गर्ने सरकारी मान्यताप्राप्त चिकित्सकको प्रमाणको प्रतिलीपी ।
- विद्यार्थीको जन्मदर्ताको प्रतिलिपी
- निवेदक , संरक्षक र कामदार बीचको नाताप्रमाणको प्रतिलिपी
- बैदेशिक रोजगारीको क्रममा मृत्यु/अंगभंग/अशक्त बिरामी भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस
- विद्यार्थी अध्ययन गरिरहेको विद्यालयको कक्षा ,रोल्नम्बर खुल्ने सिफारिस ।

नोट -सम्बन्धित विद्यार्थीहरुले २०७७साल असोज मसान्तभित्र विद्यालयमा निवेदन पेश गरि सक्नुपर्नेछ । तोकिएको कागजात नपुगेको र तोकिएको समयभित्र प्राप्त नभएमा छात्रवृत्ति प्राप्त हुनेछैन ।

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

मोरङ,बिराटनगर

visit Nepal 2020 Lifetime Experiences

प.सं. :०७७/०७८
च. नं. : 62

**अनुसूची २**

**विद्यालयको सिफारिशको ढाँचा (विद्यालयको लेटरप्याडमा)**

श्रीमान् इकाइ प्रमुखज्यु
शिक्षा विकास तथा समन्वय इकाइ मोरङ ।

**विषय: सिफारिश सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा यस विद्यालयका छात्र/छात्रा श्री कक्षा मा अध्ययनरत रहेकोले निजलाई वैदेशिक रोजगार छात्रवृत्तिको लागि सिफारिश गरिन्छ ।

| सि.नं | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा | रोल्नं | वैदेशिक रोजगारमा मृत्यु अशक्त भएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**संलग्न कागजातहरु**

- कामदारको श्रमस्वीकृतिको निस्सा (स्टीकर) को प्रतिलिपी
- निवेदकको संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यू भएका कामदारको मृत्यूदर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपी र राहदानी नम्बर
- वैदेशिक रोजगारमा गई सोही क्रममा अंगभंग /अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको प्रमाणित गर्ने सरकारी मान्यताप्राप्त चिकित्सकको प्रमाणको प्रतिलीपी ।
- विद्यार्थीको जन्मदर्ताको प्रतिलिपी
- . निवेदक , संरक्षक र कामदार बीचको नाताप्रमाणको प्रतिलिपी
- बैदेशिक रोजगारीको कममा मृत्यु/अंगभंग/अशक्त बिरामी भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस
- विद्यार्थी अध्ययन गरिरहेको विद्यालयको कक्षा ,रोल्नम्बर खुल्ने सिफारिस ।

नोट - विद्यालयले यो सिफारिश मिति २०७७साल कार्तिक १५ गतेभित्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाइसक्नु पर्नेछ । कागजातहरु अपूरो भएका र तोकिएको समय पछि प्राप्त भएका निवेदनहरुको छात्रवृत्ति गत विगत वर्षहरुमा बैदेशिक रोजगार बोर्डबाट प्राप्त नभएको व्यहोरा समेत स्मरण गराइन्छ ।

.........................
प्रधानाध्यापक

यस सम्बन्धी विस्तृत विवरण मिति २०७७/०४/२३ गतेको गोरखापत्रबाट वा वैदेशिक रोजगार बोर्डको वेवसाइट www.fepb.gov.np बाट हेर्न सकिनेछ ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालयको

## वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७७) का लागि निवेदन दिने बारेको सूचना

**प्रकाशित मिति : २०७७।०४।२२**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा अशक्त वा गम्भीर बिरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसूची (१) वमोजिमको ढाँचामा २०७७ साल असोज मसान्तभित्र निवेदन दिन सम्वन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसूची १ वमोजिमको ढाँचामा।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन्।
- **मिति २०७७ श्रावण मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक सत्र २०७७ को छात्रवृत्ति उपलव्ध गराइनेछ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

- कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपि।
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपि र राहदानी नं.।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- सम्वन्धित स्थानीय तहको सिफारिस।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालवालिकाका लागि**

- विद्यार्थीको निवेदन।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र।
- कामदारको राहदानीको प्रतिलिपि।

**छात्रवृत्तिको सीमा**

- बार्षिक रुपमा आधारभुत तहका लागि रु. ८,०००। (आठ हजार) र माध्यमिक तहका लागि रु. १२,०००। (बाह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलव्ध गराईनेछ।

**विद्यालयको जिम्मेवारी**

- सम्वन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचवुझ गर्नु पर्नेछ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसूची (२) को ढाँचामा सिफारिस सहित २०७७ कार्तिक १५ गते भित्र शिक्षा विकास तथा समन्वय इकाईमा पठाउनु पर्नेछ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्राप्त छात्रवृत्तिको रकम सम्बन्धित सबै विद्यार्थीलाई उपलब्ध गराई सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाईलाई दिनु पर्नेछ।

**शिक्षा विकास तथा समन्वय इकाईको जिम्मेवारी**

- जिल्ला भित्रका सबै विद्यालयहरुलाई सो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ वमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी इकाईमा पेश गर्न जानकारी गराउने।
- सम्वन्धित विद्यालयबाट सिफारिस सहित प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी कार्यविधिको अनुसूची (३) मा उल्लेखित विवरण खुल्ने गरी २०७७ मंसिर १५ गते भित्र वैदेशिक रोजगार बोर्डमा पठाउनु पर्ने छ।
- बोर्ड सचिवालयबाट शिक्षा तथा मानव श्रोत विकास केन्द्र मार्फत वा सोझै पठाएको छात्रवृत्ति रकम सम्वन्धित विद्यालय मार्फत छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीलाई उपलब्ध गराई सो को भरपाई बोर्ड सचिवालयमा पठाउने व्यवस्था गर्नु पर्ने छ।

**(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्डको फोन नं ०१-४२२०३११, ४३३ वेवसाईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिने छ।)**